# जल तथा ऊर्जा परमर्शदाता संघ नेपाल (WECAN)
# छैठौं वार्षिक साधारणसभामा सचिवद्धारा पेश गरिएको प्रतिवेदन

२०७१/८/२८

सम्पूर्ण आजीवन, मानार्थ तथा साधारण सदस्य ज्यूहरु ,

संस्थाका अध्यक्ष लगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरु,

लगायत अन्य आगन्तुक व्यक्तित्वहरु ,

नमस्कार ।

जल तथा ऊर्जा क्षेत्रमा छरिएर काम गरिरहेका परामर्शदाताहरुलाई एउटै छाता भित्र समावेश गर्ने र यस क्षेत्रमा परामर्श क्षेत्रसँग संम्बन्धित अवसरहरु धेरै भन्दा धेरै सृजना गरी देश विकासको अभियानमा समेत पूर्ण रुपमा समर्पित गर्ने उद्धेश्यका साथ २०६६/५/२९ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रुपमा  जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) दर्ता भएको हो । हालसम्म यस संस्थामा ४१ संस्था एवं व्यक्तित्वहरु आवद्ध भइसकेका छन् । जसअनुसार १५ संस्थाहरुले आजीवन सदस्यता प्राप्त गरिसकेका छन् र २३ संस्था एवं व्यक्तित्वहरु साधारण सदस्यको रुपमा आबद्ध हुनुहुन्छ । साथै WECAN द्वारा विभिन्न समयमा WECAN Lifetime Achievement Award बाट सम्मानित हुनु भएका श्री अक्कलमान नकर्मी, श्यामराज प्रधान र सुरेन्द्र भक्त माथेमालाई  मानार्थ सदस्यता प्रदान गरिएको छ । तर दुर्भाग्य हामीले हाम्रा आदरणीय अभिभावक श्यामराज प्रधान ज्यू यसै बर्षबाट हामीबाट भौतिक रुपमा सदा सदाको लागि विदा हुनुभएको छ र म स्वर्गीय श्यामराज प्रधान  ज्यू को आत्माको चीर शान्तिको कामना समेत गर्दछु ।

यस संस्थाको दीर्घकालीन कार्य क्षेत्रको रुपमा जल तथा ऊर्जा क्षेत्रलाई समेटेको भएतापनि विशेष गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग नवीकरणीय उर्जा क्षेत्रमा परामर्शदाता सेवा उपलब्ध गराउँदै आएका परामर्शदाता संस्था एवं व्यक्तित्वहरु यसका सदस्यहरुको रुपमा रहनु भएको छ । परामर्श क्षेत्रमा देखिएका समस्याहरुलाई व्यवस्थित गर्ने र कामका नयाँ अवसरहरुको सृजना गर्ने उद्धेश्यका साथ स्थापना भएको यस संस्थाले आफ्नो स्थापना काल देखि नै केही रचनात्मक कार्यहरु गर्दै आएको छ र आर्थिक वर्ष २०६९/७० सम्म यस संस्थाले गरेका केही उल्लेखनीय कार्यहरुको संक्षिप्त विवरण यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक वर्ष २०६९/७० सम्मका केही रचनात्मक गतिविधिहरु

## 1. Trainings

| S.N. | Details of Works | Working Area | Client | Amount of Work | Date of Completion |
|---|---|---|---|---|---|
| 1. | Training of Trainers for Engineers Working in Micro Hydro Sector | Micro/Mini Hydro Sector | AEPC/RCEMH | 2,97,190.00 | April 2014 |
| 2. | Conduction of Two Batches Trainings on Survey and Design for Micro Hydro Project Engineer from RSCs and PQ Compoanies in Kathmandu | All Prequalified Consulting Engineers Working in Micro Hydro | AEPC/NRREP | 990000.00 | July 2013 |
| 3. | Training on “Survey and Design of Micro Hydropower Projects" | All prequalified consultants/RRESC Mini Grid Engineer/Junior Enginner (70 Participants): 2 lots of training for 7 days each | AEPC/ESAP | Rs. 6,00,000 | December 2011 |
| 4. | Training on “Survey and Design of Micro Hydropower Projects" | Fresh Engineering graduates from Pulchowk Campus (BE Civil, BE Electrical and BE Mechanical) | Pulchowk Campus | Voluntarily Organized. | Bhadra 2067. |
| 5. | Training on “Survey and Design of Micro Hydropower Projects" | Fresh Engineering graduates from Pulchowk Campus (BE Civil, BE Electrical and BE Mechanical) | Pulchowk Campus | Voluntarily Organized. | Shrawan 2069. |

| | | | | | |
|---|---|---|---|---|---|
| 6. | Capacity Development of Stakeholders on Mini/Micro Hydropower Development | Rukum | AEPC | Rs. 7,00,000 | July, 2011 |
| 6. | Strengthening the Technical Knowledge of REWSSPC in RETS | REWSSPC Engineers and Technicians | SNV | Rs. 5,00,000 | Septeber 2011 |

## 2. Workshops, Seminars, Presentation and Trainings Accomplished

1. One day workshop organized in "Opportunities and Challenges in Micro/Mini Hydro Sector", Kathmandu (2067).

2. Training in Survey and Design of Micro Hydropower started for Final Year Students of Institute of Engineering, Pulchowk Campus, Lalitpur (2067)

3. Training in Survey and Design of Micro Hydropower started for Final Year Students of Institute of Engineering, Pulchowk Campus, Lalitpur (2069)

4. Training in Survey and Design of Micro Hydropower started for AEPC Prequalified Consultants' and RRESC Engineers in December (22-28), 2011 AD funded and supported by AEPC.

5. National Seminar on "Cooperatives in Mini/Small Hydropower Development: Opportunities & Challenges" organized in Cooperation with Nepal Electric Central Cooperative Association Limited (NECCAL), Kathmandu (2069).

## 3 Advocacy, Lobbying and Media Outreach

1. Continuous lobbying on behalf of consultants in water and energy sector mainly in AEPC.
2. "Perspective and Issues of Micro/Mini Hydro Consultants' for the Sustainable Growth of Micro Mini Hydro Sector" was presented in AEPC .
3. Presentation in "Launching Program of Regional Centre of Excellence of Micro Hydro (RCEMH) in Nepal" organized by SARI/Energy in Kathmandu.

4. Participated in Youth Solidarity Festival, Kathmandu University, Dhulikhel.
5. Presentation in "Regional Workshop on Mini/Micro Hydropower Development: Prospects and Challenges in South Asian Countries", Kathmandu.
6. Interaction and active participation in the formulation of NRREP.
7. Interaction Program with the Private Sector Stakeholders in Renewable Energy Sector.
8. Interaction Program with ESAP II Phase Review Team.
9. Interaction and written suggestions given to the Subsidy Review Consultants.
10. Urja Nepal selected as official partner for the publication of WECAN activities.

## आर्थिक वर्ष २०७०/७१ मा गरिएका केही गतिविधिहरु

यस संस्थाको पाँचौ साधारण सभा २०७० साल मंसिर २८ गते सम्पन्न भई श्री धनबहादुर गुरुङ्ग ज्यूको अध्यक्षतामा नयाँ कार्यसमितिको गठन भयो र यस अवधिमा गरिएका केही महत्वपूर्ण गतिविधिहरु यस प्रकार रहेका छन् ।

(१) परामर्शदातासम्बन्धी भए गरेका विभिन्न निर्णय एवं गतिविधिका सम्बन्धमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र लगायतका सरोकार निकायहरूमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) का तर्फबाट संस्थाको आधिकारिक धारणासहित पेशागत हकहित र मर्यादालाई कायम राख्दै विभिन्न मितिमा संबन्धित सरोकारवाला निकायहरुसँग नीतिगत सुधारको लागि विभिन्न माध्यमबाट पहल गरिएको । २०७० साल फाल्गुण १२ गते १० बुँदे सवालहरु सहित वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा सम्पूर्ण नवीकरणीय ऊर्जा क्षेत्रमा कार्य गरिरहेका छाता संस्थाहरुको एक्वेवद्धता सहित ज्ञापन पत्र पेश गरिएको ।

(२) Regional Centre of Excellency in Micro Hydro (RCEMH) सँगको सहकार्यमा अप्रिल २०१४ मा २२ जना लघु जलविद्युतको क्षेत्रमा काम गरिरहेका विज्ञहरुलाई Training for Trainers तालिमको आयोजना गरिएको ।

(३) WECAN कै पहलकदमीमा स्थापना भएको Renewable Energy Coordination Committee मार्फत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको Steering Committee मा निजी क्षेत्रका

सवालहरुलाई लिखित रुपमा लैजाने व्यवस्था मिलाईएको र Steering Committee मा निजी क्षेत्रको तर्फबाट एक जना प्रतिनिधि SEMAN, NBPA, NMHDA र WECAN को तर्फबाट पालैपालो जाने निर्णय गरिएकोमा हाल Steering Committee मा SEMAN ले प्रतिनिधित्व गरिरहेको ।

(४) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा शुरू भएका राष्ट्रिय ग्रामीण तथा नवीकरण ऊर्जा कार्यक्रम (NRREP) को प्रभावकारी कार्यान्वयनको लागि संस्थागत तवरले विभिन्न समयमा सुझावहरु पेश गरिएको छ । यस अर्न्तगत **A Study & Review Report of Micro Hydro Project Approval Process** को सदस्यको रुपमा **WECAN** ले उठाएका कतिपय सवालहरु संवोधन भएका छन् । **April 07, 2014** मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा परामर्शदाता संस्थाका केही सवालहरु प्रस्तुत गरिएको । **February 04, 2014** मा केही सवालहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अर्न्तगत उठाईएको ।

(५) **Renewable Energy Subsidy Delivery Mechanism 2070** मा परामर्शदाता संस्थाहरुको हक, हीतलाई अवमुल्यन गर्ने गरी गरिएका व्यवस्थाहरुलाई सच्याउनको लागि शसक्त ढंगबाट वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग छलफल गरिएको र भविष्यमा हुने परिमार्जनमा केही बुँदाहरु सच्याउने सहमति भएको । सम्पूर्ण लघु जलविद्युतको सर्वे गर्न मान्यता प्राप्त कम्पनीहरुका नपुग कागजातहरु पूरा गर्ने सन्दर्भमा संस्थागत तवरबाट सहयोग गर्ने प्रयास गरिएको ।

(६) वैकल्पिक ऊर्जा पवर्द्धन केन्द्र अर्न्तगत Biomass Sub Component ले आयोजना गरेको Interaction Workshop Among Private Sector Associations involved in RET Sector कार्यक्रममा WECAN को तर्फबाट उल्लख्य उपस्थिति तथा प्रस्तुति गरिएको ।

(७) WECAN र वैकल्पिक ऊर्जा पवर्द्धन केन्द्र अर्न्तगत Community Electrification Sub Component को संयुक्त आयोजनामा May 2014 मा Hotel Himalayan Kupandole मा लघु जलविद्युतको सर्वे तथा डिजाईनको सन्दर्भमा एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको ।

(८) वैकल्पिक ऊर्जा पवर्द्धन केन्द्र अर्न्तगत RERL ले June २७, २९१४ आयोजना गरेको मिनि जलविद्युत आयोजनाको Guideline Update कार्यक्रममा WECAN को तर्फबाट लिखित सुझाव पेश गरिएको र हाल उक्त पुस्तक WECAN कै पहलमा सम्पूर्ण परामर्शदाता कम्पनीहरुको लागि समेत उपलब्ध गरिएको छ ।

(९) WECAN ले नियमित रुपमा Website मार्फत ऊर्जा क्षेत्रका महत्वपूर्ण गतिविधिहरुलाई प्रकाशन गर्दै आएको छ । यस बाहेक ऊर्जा आवाजमा समेत WECAN का गतिविधिहरु प्रकाशित हुँदै आएका छन् ।

(१०) संस्थाले नेपालको लघु जलविद्युत् क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ । जसअन्तर्गत अक्कलमान नकर्मी-२०११, श्यामराजा प्रधान-२०१२ , सुरेन्द्रभक्त माथेमा-२०१३ लाई सम्मानित गरिएकोमा यस बर्ष पनि सम्मान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

(११) यस बाहेक पनि जल तथा ऊर्जा सँग सम्बन्धित विभिन्न कार्यशाला गोष्ठी, सभा तथा सेमिनारहरुमा रचनात्मक भूमिकासहित उपस्थिति जनाईएको ।

## आर्थिक वर्ष २०७१/७२ मा हालसम्म गरिएका पछिल्ला गतिविधिहरु

(१) सिन्धुपाल्चोकको जुरे घटना भए लगत्तै WECAN को तर्फबाट जुरे क्षेत्रको अवलोकन भ्रमण गरी उक्त भ्रमणको आधारमा तयार गरिएको प्रतिवेदन प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, ऊर्जा मन्त्रालय, राष्ट्रिय योजना आयोग र मुख्य सचीब श्री लिलामणी पौडेल ज्यूलाई कुभ्काईएको । विशेष गरी कसरी सिन्धुपाल्चोक जुरे घटनाका पीडितहरुको तत्काल प्रभावकारी राहत एवं पुनःस्थापना गर्न सकिन्छ र दीर्घकालीन विकासलाई कसरी लागू गर्नु सान्दर्भिक हुन्छ भन्ने विषयहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको ।

(२) भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको पूर्व सन्धयामा विद्युत व्यापार सम्भौतासँग सम्बन्धित विषयमा WECAN को कार्यकारी समितिमा छलफल गरी नेपालको हीतमा हुने गरी मात्र उक्त सम्भौता गर्नुपर्ने ६ बुँदा सहितको सुभ्काव WECAN को Website बाट सार्वजनिक गरिएको थियो ।

(३) NRREP को Mid Term Review Team सँग समग्र नवीकरणीय ऊर्जा क्षेत्रका संभावना र चुनौतीहरुको बारेमा यही November 26, 2014 मा छलफल सम्पन्न भएको छ ।

(४) World Bank ले आयोजना गरेको Scaling up Electricity Access in Nepal through Mini and Micro Hydropower Applications: Technical Consultation Workshop , September 12, 2014 मा सहभागिता ।

(५) RCEMH/NMHDA ले आयोजना गरेको Micro/Mini Hydro Workshop:2014 मा WECAN को तर्फबाट प्रदर्शनी गर्नुको साथै संस्थागत तवरबाट प्राविधिक सहयोग गरिएको ।

(६) नवीकरणीय ऊर्जा समन्वय समितिलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि WECAN को नेतृत्वमा गठित समितिले विधानको खाका प्रस्तुत गरेको ।

(७) AITM ले ऊर्जा क्षेत्रमा काम गरिरहेका विभिन्न संस्थाहरुको सहयोगमा संचालन गरेको ऊर्जासँग सम्बन्धित कार्यक्रममा प्रायोजकको रुपमा भूमिका निर्वाह गरेको ।

## संभावना एवं चुनौतीहरु

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल विशेष गरी नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका युवा परामर्शदाता संस्थाहरुको विशष पहलमा स्थापना गरिएको संस्था भएकोले पक्कै पनि यस क्षेत्रमा केही संभावनाहरु रहेका छन् । यस संस्था सामू निम्न संभावनाहरु रहेका छन् ।

## संभावनाहरु

(क) जल तथा ऊर्जा क्षेत्रमा काम गरिरहेका संस्थाहरुको संगठित निजी क्षेत्रको संस्था भएको र विशेष गरी ऊर्जा क्षेत्र राष्ट्रिय प्राथमिकताको समेत क्षेत्र भएकोले जल तथा ऊर्जा क्षेत्रमा विशेष गरी मझौला तथा ठूला जलविद्युत आयोजना र नवीकरणीय ऊर्जा सँग सम्बन्धित परामर्श सेवाको हकमा देश तथा विदेशमा पनि व्यवसाय प्रवर्द्धन गर्न परामर्शदाता संस्थाहरुलाई नीतिगत एवं समन्वयात्मक भूमिका खेल्न सकिने देखिन्छ ।

(ख) परामर्शदाता संस्थाहरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न विषयहरुमा राष्ट्रिय एवं अर्न्तराष्ट्रिय स्तरका तालिमहरु संचालन गरि परामर्शदाताहरुलाई दक्ष जनशक्तिको प्रवर्द्धन एवं प्रविधिको हस्तान्तरणको लागि समेत WECAN ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

(ग) जल तथा ऊर्जासँग सम्वन्धित विषयहरुमा बन्ने नीति, नियम,निर्देशिका, मापदण्ड आदि निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकिने देखिन्छ ।

(घ) WECAN ले सन् २०११ बाट WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ र यसको निरन्तरताले निजी क्षेत्रमा काम गरिरहेका क्षमतावान व्यक्तित्व र संस्थाहरुलाई सम्मान दिने संस्थाको रुपमा यसलाई स्थापित गर्न सकिन्छ ।

## चुनौतीहरु

WECAN का अगाडि संभावना सँगसँगै चुनौतीहरु समेत उल्लेख्य रुपमा रहेका छन् । केही चुनौतीहरुलाई यहाँ उल्लेख गरिएको छ ।

(क) नेपालको नवीकरणीय ऊर्जा क्षेत्र वर्तमानमा संकटमा रहेको स्थिति छ । ठूलो आर्थिक बजेट तथा अपेक्षा सहित हाल कार्यान्वयनमा रहेको राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम गुणस्तरमुखी हुन नसक्दा एकातिर नवीकरणीय ऊर्जा क्षेत्र नै संकटमा परिरहेको छ ।

(ख) कुनै पनि परियोजनाको Project Cycle अवधिभर परामर्शदाताले भूमिका निर्वाह गर्ने परिस्थिति सृजना नहुँदा यस क्षेत्रमा कार्यरत परामर्शदाताहरुका अवसरहरु खुम्चँदै गएका छन् ।

(ग) ठूला ठूला परामर्शसेवाका कार्यहरुमा स साना परामर्शदाता कम्पनीहरु जानको लागि स साना परामर्शदाता कम्पनीहरुबाट समेत एकतावद्ध भएर अगाडि बढ्नु आवश्यक छ र यसो हुन सकिरहेको छैन ।

(घ) राज्यको तर्फबाट पनि परामर्शसेवालाई गुणस्तरीय एवं प्रभावकारी बनाउनु आवश्यक छ । स साना परामर्शदाता कम्पनीहरुलाई पनि काम जान सक्ने गरी सोही अनुसारको वातावरण अझै बन्न सकिरहेको छैन ।

## संस्थाको भावी रणनीति

यस संस्थाको संस्थागत भूमिकालाई प्रभावकारी बनाउनको लागि सदस्य संस्थाहरु एवं यस क्षेत्रमा लागिरहेका संघ, संस्था एवं विज्ञ व्यक्तित्वहरुबाट हामीलाई समय समयमा रचनात्मक सुझावहरु प्राप्त भएका छन् । आगामी आर्थिक बर्षमा गर्ने योजना गरिएका केही योजनाहरु यस प्रकार रहेका छन् ।

(१) साना तथा मझौला जलविद्युत आयोजनाको सर्वे एवं डिजाईन सम्बन्धी तालिम (१० मेगावाट सम्म) को चरण वद्ध रुपमा शुरुवात गर्ने र यसै आर्थिक वर्षमा तालिम गर्ने ।

(२) ग्रामिण जीविकोपार्जनको लागि नवीकरणीय ऊर्जा कार्यक्रमको समन्वयमा १०० किलोवाट देखि १ मेगावाटसम्मको तालिम संचालन गर्ने ।

(३) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा लघु जलविद्युतको सर्वे तथा डिजाईन तालिम संचालन गर्ने ।

(४) विशेष गरी ठूला जलविद्युत एवं खानेपानी एवं सिंचाई लगायतका विषयमा सम्बन्धित सरोकारवालाहरुसँग अर्न्तकृयात्मक कार्यशाला गोष्ठी आयोजना गरी परामर्शसेवामा अवसरका क्षेत्रहरु विकास गर्न पहल गर्ने ।

(६) जल तथा ऊर्जा क्षेत्रमा स साना परामर्शदाता संस्थाहरुको समेत अवसरको वृद्धि गर्नको लागि नीतिगत सुधारको लागि सम्बन्धित निकायसँग पहल गर्ने ।

(७) जल तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान र विकासलाई प्रवर्द्धन गर्न भूमिका निर्वाह गर्ने ।

(८) नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका अर्न्तराष्ट्रिय संघ सस्थाहरुसँग समन्वय गरि सेमिनार तथा कार्यक्रम गर्न पहल गर्ने ।

अन्त्यमा भर्खरै प्रस्तुत गरिएका एवं सम्वन्धित अन्य विषयहरुमा तपाईहरुका केही जिज्ञासाहरु भएमा राखिदिनुहुन अनुरोध गर्न चाहन्छु । साथै अत्यन्त चुनौतिपूर्ण स्थितिबाट यो प्रथम वर्ष जुध्नुपर्दा समेत हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण सदस्य ज्यूहरुलाई समेत म मेरो एवं संस्थाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

खिमानन्द कँडेल

सचिव

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल